# श्री मर्चवारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, रायपुर, रुपन्देही

## स्वास्थ्य सेवाका लागी कर्मचारी सेवा करार

## कार्यबिधि २०७८

Scanned with CamScanner

# प्रस्तावना

प्रत्येक नागरिकमा साहिष्णुता, सदाचार, नैतिकता र मानवीय मुल्यको प्रवर्धन गरी संघीय लोकतंन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस मर्चवारी गाउँपालिकाको क्षेत्रभित्र स्थापना हुने तथा संचालन रहेका स्वास्थ्य संस्थाहरुको संचालन व्यवस्थापन र नियमन गर्न वान्छनीय भएकोले नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई मौलिक अधिकार भित्र राखी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद- ३ (ञ) बमोजिम मर्चवारी गाउँपालिकाको गाउँसभाले बनाउने स्वास्थ्य संस्था ऐन समेतमा आफ्नो स्रोतबाट कर्मचारी नियुक्ति गर्न सक्ने प्रावधान अनुसार नियुक्तिको सेवा सर्त र सुविधाका सम्बन्धमा श्री मर्चवारी गाउँपालिकाको कार्यालय, रायपुर स्वास्थ्य संस्थाका लागि करार सेवामा मेडिकल अधिकृत, हेल्थ असिस्टेन्ट, सि अ हे व ,अ हे व ,स्टाफ नर्स, अ न मी ,ल्याब असिस्टेन्ट ,एम्बुलेन्स चालक, कार्यालय सहयोगी,स्वीपर,चौकीदार र पाले लगायतको पदपुर्तिका लागी यो कार्यविधि २०७८ गाउँकार्यपालिकाबाट जारी गरिएको छ ।

परिच्छेद-१

नाम ,परिभाषा र उद्देश्यहरु

१ .संक्षिप्त नाम र परिचय

[क] यो कार्यविधिको नाम स्वास्थ्य सेवाका लागी कर्मचारी सेवा करार रहेको छ।

[ख] गाउँकार्यपालिकामा स्वीकृत भई प्रारम्भ हुनेछ ।

[ग] यो कार्यविधिमा उल्लेख भएका प्रावधानहरु मर्चवारी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा लागू हुनेछ ।

२ .परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(क) स्वास्थ्य संस्थाका लागि करार सेवामा मेडिकल अधिकृत, हेल्थ असिस्टेन्ट, सि अ हे व, अ हे व, स्टाफ नर्स, अ न मी, ल्याब असिस्टेन्ट, एम्बुलेन्स चालक, कार्यालय सहयोगी, स्वीपर र चौकीदार पालेलाई जनाउछ ।

(ख) स्वास्थ्य संस्थाका लागि करार सेवामा मेडिकल अधिकृत, हेल्थ असिस्टेन्ट ,सि अ हे व ,अ हे व, स्टाफ नर्स, अ न मी, ल्याब असिस्टेन्ट ,एम्बुलेन्स चालक ,कार्यालय सहयोगी ,स्वीपर चौकीदार पाले पदपुर्ति हुन नसकेको नेपाल सरकार र स्थानीय सरकारबाट बिनियोजित बजेट्मा नियुक्त हुनेलाई जनाउछ ।

(ग )यो कार्यबिधि प्रारम्भ हुनुभन्दा अघि स्वास्थ्य सेवा करार व ज्यालादारी नियुक्त भएका समेतलाई जनाउछ ।

(घ) कर्मचारी भन्नाले संघीय सरकार र प्रदेश सरकारको स्वीकृत अनुदानमा तलब भत्ता खाने र स्थानीय सरकारबाट बिनियोजित बजेटमा कार्यरत करार ज्यालादारीमा मेडिकल अधिकृत हेल्थ असिस्टेन्ट सि अ हे व अ हे व स्टाफ नर्स अ न मी ल्याब असिस्टेन्ट एम्बुलेन्स चालक कार्यालय सहयोगी स्वीपर चौकीदार पाले समेतलाई जनाउछ ।

(ङ) स्वास्थ्य संस्था भन्नाले नेपाल सरकारले समय समयमा तोक्ने गरेको स्वास्थ्य संस्था लगायत यस गाउं पालिकाभित्र रहने अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी, अधारभूत स्वास्थ्य सेवा केन्द्र, बर्थिङ सेन्टर, ल्याब सेवा केन्द्र समेतलाई जनाउछ ।

(च) ऐन भन्नाले नेपाल स्वास्थ्य सेंवा ऐन २०५३ स्थानीय सरकार संचालन ऐन २०७४ र मर्चवारी गाउँपालिका स्वास्थ्य सेवा ऐन २०७८ सम्झनु पर्दछ ।

(छ) मन्त्रालय भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई संम्झनु पर्दछ ।

(ज) विभाग भन्नाले स्वास्थ्य सेवा विभाग टेकुलाई संम्झनु पर्दछ ।

(झ) स्वास्थ्य सेवा नियमावली भन्नाले नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ संम्झनु पर्दछ ।

(ञ )सामाजिक विकास मन्त्रालय भन्नाले प्रदेश नं५ प्रदेश सरकार सामाजिक विकास स्वास्थ्य संस्था निर्देशनालय डिभिजन कार्यालय समेतलाई संम्झनु पर्दछ ।

केशव चन्द्र बनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

३. उद्देश्य

यो कार्यबिधि कार्यान्वयनका उद्देश्यहरु यस प्रकार रहेका छन् ।

[क] गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुमा संघीय सरकार प्रदेश सरकारको अनुदान बाहेक स्वास्थ्य संस्थाहरुको काम तथा कार्यक्रमहरुलाई नेपालको संविधान २०७२ अनुसार स्वास्थ्य सेवा सम्बन्धी मौलिक हकको सुनिश्चितता ,ऐन नियमालीमा उल्लिखित प्रावधान अनुरुप सेवाग्राहीहरुले पाउने स्वास्थ्य सेवालाई ब्यवस्थित गर्न स्थानीय सरकारबाट स्वास्थ्य संस्थाहरुमा धारा २ [क] मा व्यवस्था भएको कर्मचारीको पद सृजना नियुक्तिको प्रक्रिया बिदा सेवा सर्त सुबिधा र अवकाश समेतका बारेमा स्पष्ट गरी सहजता ल्याउनु ।

[ख] स्वास्थ्य संस्थाहरुमा ऐन नियमावली तथा कार्यबिधिको पालना गरी स्वास्थ्य संस्थाहरुमा सुशासन कायम गर्नु ।

परिच्छेद- २

मेडिकल अधिकृत, हेल्थ असिस्टेन्ट, सि अ हे व, अ हे व, स्टाफ नर्स, अ न मी, ल्याब असिस्टेन्ट, एम्बुलेन्स चालक, कार्यालय सहयोगी, स्वीपर र चौकीदार पाले कर्मचारीको पद सृजना र नियुक्ति प्रक्रिया

[१] गाउँपालिका क्षेत्रभित्र अनुमति प्राप्त गरि संचालन हुने तथा संचालित रहेका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी अधारभूत स्वास्थ्य सेवा केन्द्र ल्याब सेवा केन्द्र बर्थिङ सेन्टर लगायत स्वास्थ्य संस्थाहरुमा ऐन नियमावली अनुसार संघीय सरकार प्रदेश सरकार लगायतका सरोकारवाला निकायहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागी आवश्यक दरबन्दी अनुसारको कर्मचारीको आपुर्ति हुन नसकी स्वास्थ्य संस्थाहरुमा उत्पन्न समस्यालाई न्यूनीकरण गर्नका लागी आवश्यकताको आधारमा देहायको प्रक्रिया अपनाई पदपुर्ति गरिनेछ ।

[क] गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु मार्फत रिक्त व थप पदहरुका लागिः

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(अ) स्वास्थ्यकर्मीको आवश्यकता सम्बन्धी निर्णय माग

(आ) रिक्त दरवन्दीको विवरण

(इ) सम्बन्धित स्वास्थ्य व्यवस्थापन समितिको निर्णय

(ई) स्वास्थ्य संस्थाहरुको सिफारिस

[२] उपरोक्त अनुसारका कागजातहरुको आधारमा औचित्य हेरी गाउँपालिका स्वास्थ्य शाखाले गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा रिक्त व थप पदमा पारिश्रमिक श्रोत बिनियोजनका लागी गाउँकार्यपालिकामा सिफारिस गरिने छ ।

[३] स्वास्थ्य सेवाका कर्मचारीको छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

- छनौट समिति यस प्रकार रहनेछ ।

| | | |
|---|---|---|
| (अ) सम्बन्धित गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | | संयोजक |
| (आ प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत प्रतिनिधि | एक जना | सदस्य |
| (इ) सम्बन्धित बिषय को विशेषज्ञ | एक जना | सदस्य |
| (ई) जिल्ला प्रशासन वा ईलाका प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | एक जना | सदस्य |
| (उ) सम्बन्धित गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | एक जना | सदस्य सचिव |

साथै छनौट समितिले आफ्नो कार्यबिधि आफै व्यवस्थित गर्न सक्ने छ । नियुक्तिका अन्य काम कार्यवाही स्वास्थ्य सेवा ऐन नियमावली र लोक सेवा आयोगको प्रचलित प्रक्रियानुसार गरिनेछ । आवेदन फारमको नमुना लोकसेवा आयोगको ढांचा बमोजिम हुनेछ ।

[४] स्वास्थ्य सेवाका कर्मचारीको योग्यता प्रचलित ऐन कानून र नियमावली अनुसार निर्धारण गरिएको नै हुनेछ । तर न्युनतम शैक्षिक योग्यता भन्दा माथीको योग्यता भएपनि प्रतिस्पर्धाको आधारमा पदपुर्ति गर्न सकिनेछ ।

[५] सफल उम्मेदवारलाई ७ दिनको म्याद दिई सेवा करारको सुचना गरिने छ र उक्त अवधि भित्र करार सम्झौता गर्न नआएमा बैकल्पिक उम्मेदवारलाई सुचना दिई करार गर्न सकिने छ ।

केशव नन्द वलिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

[६] एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा पुनः परिक्षण, छनोट र शुरु करार सरह मानी सम्झौता गरिनेछ ।

[७] स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ महिना अगाडी कार्यालयमा लिखित जानकारी गराउनु पर्नेछ ।

[८] करार सेवाका पदहरुमा स्थायी कर्मचारि नियुक्ती वा सरुवा भई आएमा सेवा करारको अवधि स्वतः समाप्त हुनेछ ।

[९] यस कार्यविधि कार्यन्वयनमा क्रमशः थप गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसंग नबाझिने गरी गाउंपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

[१०] स्वास्थ्य सेवाको लागी प्रचलित ऐन कानून र नियमावली अनुसार लोक सेवा आयोगले निर्धारण गरेको ढाँचा अनुसार नै परीक्षा हुनेछ ।

[११] मेडिकल अधिकृतको बस्तुगत लिखित परिक्षा बस्तुगत १०० र अन्तर्वार्ता २० पूर्णाङ्कको हुनेछ र हे अ, अ हे व, स्टाफ नर्स, अ न मी, ल्याव असिस्टेन्टहरुको लिखित परिक्षा बस्तुगत १०० र अन्तर्वार्ता २० पूर्णाङ्कको हुनेछ र कार्यालय सहयोगी एम्बुलेन्स ड्राईभर चौकीदार पाले स्वीपरको परीक्षा अन्तर्वार्ता २० पूर्णाङ्कको हुनेछ ।

(१२) पियन कार्यालय सहयोगीको परीक्षा छनौट समितिले मौखिक मात्र वा लिखित वा दुबै परीक्षा लिन सक्नेछ ।

[१३] बिज्ञापन सम्बन्धित गाउँपालिकाले १५ दिनको सूचना प्रकाशित गर्न गाउंपालिकाको सुचना पाटी तथा वेभसाईटमा गर्नुपर्नेछ ।

(१४) एउटा मात्र निबेदन परेमा दोस्रो पटक ७ दिने म्याद थप गरी पुन सूचना टाँस गर्नुपर्नेछ । दरखास्तवाला उम्मेदवारहरु बीच प्रतिस्पर्धा गराई सर्बाधिक अंक ल्याउने सफल उम्मेदवारलाई करार तथा ज्यालादारीमा बढीमा १ बर्षको सेवा करार सम्झौता गरिनेछ ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

[ख] मेडिकल अधिकृतको योग्यता

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(अ) नेपाल सरकारद्धारा मान्यता प्राप्त शैक्षिक संस्थावाट MBBS वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(आ) उमेर २१ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।

(ग) स्टाफ नर्सको योग्यता ।

(अ) नेपाल सरकारद्धारा मान्यता प्राप्त शैक्षिक संस्थावाट प्रवीणता प्रमाण पत्र तहको STAFF NURSE कोर्ष वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(आ) उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

(घ) हे अ को योग्यता ।

(अ) नेपाल सरकारद्धारा मान्यता प्राप्त शैक्षिक संस्थावाट प्रवीणता प्रमाण पत्र तहको Health Assistant कोर्ष व सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(आ) उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

(ङ) अ हे व को योग्यता ।

(अ) नेपाल सरकारद्धारा मान्यता प्राप्त शैक्षिक संस्थावाट CMA कोर्ष वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(आ) उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

(च) अ न मी को योग्यता ।

(अ) नेपाल सरकारद्धारा मान्यता प्राप्त शैक्षिक संस्थावाट ANM कोर्ष व सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(आ) उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

(छ) Lab Assistant को योग्यता ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(अ) नेपाल सरकारद्धारा मान्यता प्राप्त शैक्षिक संस्थावाट Lab Assistant कोर्ष वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(आ) उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

[ज] Ambulence Driver को योग्यता ।

(अ) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका तथा कार्यविधि २०७८ अनुसारको योग्यता भएको हुनुपर्नेछ ।

(आ) उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

[झ] कार्यालय सहयोगी स्वीपर चौकीदार पालेको योग्यता ।

(अ) नेपाल सरकारद्धारा मान्यता प्राप्त शैक्षिक संस्थावाट कक्षा ८ व सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(आ) उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

परिच्छेद -३

[क ] स्वास्थ्य सेवा कर्मचारीको सेवा सुबिधा र सर्तहरु

(अ) स्वास्थ्य सेवाका कर्मचारी हाजिर भएको मिति देखि जुन स्रोतबाट नियुक्ती भएको हो सो को प्रचलित स्केल व निर्णय बमोजिम निर्धारित स्केल अनुसार तोके बमोजिम तलब भत्ता पाउनेछ ।

[ख ] बिदा तथा काज सम्बन्धी व्यवस्था

(अ) भैपरी आउने र पर्व बिदा बर्ष भरिमा ६/६ दिन पाईने छ तर संचित नरहने ।

[ग] स्वास्थ्य संस्थामा निबेदन व कुनै जानकारी नदिई अनुपस्थित भएमा गयल गरिनेछ । ३ दिन सम्मको बिदाहरु स्वास्थ्य संस्था प्रमुखले आवश्यकता हेरी स्वीकृत गर्नेछ तर सो विदाको जानकारी गाउँपालिकाको स्वास्थ्य शाखामा गराउनु पर्नेछ र ३ दिन भन्दा बढी अवधिको विदा लिनु पर्ने भएमा गाउँपालिकाको कार्यालयवाट स्वीकृत गराउनु पर्नेछ । बिदा अधिकारको कुरा

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

नभई सहुलियत मात्र हुनेछ।

[घ] स्वास्थ्य संस्थाको काम काजका लागि खटाईएको अवधि भरिको लागी काज पाउने छ ।

[ङ ]माथिल्लो निकायले दिएको निर्देशन पालना गर्नु स्वास्थ्य सेवाका कर्मचारीको कर्तब्य हुनेछ ।

[च] एक महिना बराबरको चाडपर्व खर्च स्वास्थ्य सेवाका कर्मचारीहरुले पाउने छन ।

[छ ] बर्ष भरीमा एक पटक पोशाक भत्ता पाउने छन् ।

स्वास्थ्य सेवाका कर्मचारी हरुको काम कर्तब्य र अधिकार यस प्रकार हुनेछ ।

[क] कर्मचारीको जिम्मेवारीमा तोकिएका काम काज खटाइएको ठाउँमा गई गर्नु पर्नेछ ।

[ख ] स्वास्थ्य संस्थामा नियमित रुपमा हाजिर हुनु पर्नेछ । बिदाको अनुमति नलिइ अनुपस्थित हुनु हुदैन।

[ग] अन्य कुराहरु प्रचलित स्वास्थ्य संस्था ऐन नियमावली मा उल्लेख भई तोकिए बमोजिम हुनेछन ।

[घ] मेडिकल अधिकृतको काम कर्तब्य र अधिकार

(अ )स्वास्थ्य सेवामा नियुक्त कर्मचारीहरुको संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकारले स्वास्थ्य सेवा ऐन नियमालीमा तोके बमोजिमको हुनेछ ।

(आ) समय समयमा यस स्थानिय निकाय निर्णय गरी तोकेका नियमानुसारका कार्य समेत गर्नु पर्नेछ ।

(इ) आफू मातहतका कर्मचारीहरुलाई अस्पताल स्वास्थ्य संस्थाको कामको आधारमा कार्य विभाजन गरी कर्मचारीहरुलाइ जिम्मेवारी प्रदान गर्न सकिने छ ।

(ई) आफ्नो जिम्मेवारीमा तोकिएको कार्य प्रतिको जवाफदेहिता स्वयं लिनुपर्नेछ ।

(उ) तोकिएको समयमा उपस्थित हुने र जाने ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(ऊ) अन्य तोकिएका कामहरु गर्ने गराउने ।

(ए) अस्पताल स्वास्थ्य संस्था प्रति सधै कर्तब्यनिष्ठ भई इमान्दारीका साथ काम गर्ने ।

(ऐ) अस्पताल स्वास्थ्य संस्थाको भौतिक व सामाजिक सदभावलाई खलल पर्ने कुनै पनि कार्य गर्न नहुने ।

(ओ) दैनिक कार्यालय सञ्चालन गर्ने गराउने ।

(ङ) हेअको काम कर्तब्य र अधिकार

(अ) स्वास्थ्य सेवामा नियुक्त कर्मचारीहरुको संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकारले स्वास्थ्य सेवा ऐन नियमालीमा तोके बमोजिमको हुनेछ ।

(आ) समय समयमा यस स्थानिय निकाय निर्णय गरी तोकेका नियमानुसारका कार्य समेत गर्नु पर्नेछ ।

(आ) आफू मातहतका कर्मचारीहरुलाई अस्पताल स्वास्थ्य संस्थाको कामको आधारमा कार्य विभाजन गरी कर्मचारीहरुलाइ जिम्मेवारी प्रदान गर्न सकिने छ ।

(इ) आफ्नो जिम्मेवारीमा तोकिएको कार्य प्रतिको जवाफदेहिता स्वयं लिनुपर्नेछ ।

(ई) तोकिएको समयमा उपस्थित हुने र जाने ।

(उ) अन्य तोकिएका कामहरु गर्ने गराउने ।

(ऊ) अस्पताल स्वास्थ्य संस्था प्रति सधै कर्तब्यनिष्ठ भई इमान्दारीका साथ काम गर्ने ।

(ए) अस्पताल स्वास्थ्य संस्थाको भौतिक व सामाजिक सदभावलाई खलल पर्ने कुनै पनि कार्य गर्न नहुने ।

(ए) दैनिक कार्यालय सञ्चालन गर्ने गराउने ।

(ए) माथिल्ला निकायहरुले दिएको निर्देशन र अन्य तोकिएको काम काज गर्नुपर्नेछ ।

(ओ) अस्पताल स्वास्थ्य संस्थाको सम्पत्ति नगद जिन्सी लगायत सामग्रीहरुको अभिलेख तथा

केशव नन्द दनियाँ
गाउँपालिका अध्यक्ष

[illegible] अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

हेरचाह गर्ने गराउने ।

[च] स्टाफ नर्सको काम कर्तब्य र अधिकार

(अ) स्वास्थ्य सेवामा नियुक्त कर्मचारीहरुको संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकारले स्वास्थ्य सेवा ऐन नियमालीमा तोके बमोजिमको हुनेछ ।

(आ) समय समयमा यस स्थानिय निकाय निर्णय गरी तोकेका नियमानुसारका कार्य समेत गर्नु पर्नेछ ।

(आ) आफ्नो जिम्मेवारीमा तोकिएको कार्य प्रतिको जवाफदेहिता स्वयं लिनुपर्नेछ ।

(इ) तोकिएको समयमा उपस्थित हुने र जाने ।

(ई) अन्य तोकिएका कामहरु गर्ने गराउने ।

(उ) अस्पताल स्वास्थ्य संस्था प्रति सधै कर्तब्यनिष्ठ भई इमान्दारीका साथ काम गर्ने ।

(ऊ) अस्पताल स्वास्थ्य संस्थाको भौतिक व सामाजिक सदभावलाई खलल पर्ने कुनै पनि कार्य गर्न नहुने। (ए) दैनिक कार्यालय सञ्चालन गर्ने गराउने ।

[छ] अ हे व को काम कर्तब्य र अधिकार

(अ) स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य व्यवस्थापन समितिले दिएको जिम्मेवारी तथा कार्य विभाजन अनुसार कामकाज गर्नुपर्ने छ ।

(आ) आफ्नो जिम्मेवारीमा तोकिएको कार्य प्रतिको जवाफदेहिता स्वयं लिनुपर्नेछ ।

(इ) तोकिएको समयमा उपस्थित हुने र जाने ।

(ई) अन्य तोकिएका कामहरु गर्ने गराउने ।

(उ) अस्पताल स्वास्थ्य संस्था प्रति सधै कर्तब्यनिष्ठ भई इमान्दारीका साथ काम गर्ने ।

(ऊ) अस्पताल स्वास्थ्य संस्थाको भौतिक व सामाजिक सदभावलाई खलल पर्ने कुनै पनि कार्य गर्न नहुने ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(ए) माथिल्ला निकायहरुले दिएको निर्देशन र अन्य तोकिएको काम काज गर्नुपर्नेछ

(ऐ) अस्पताल स्वास्थ्य संस्थाको सम्पत्ति नगद जिन्सी लगायत सामग्रीहरुको अभिलेख तथा हेरचाह गर्ने गराउने ।

[ज] अ न मी को काम कर्तब्य र अधिकार

(अ) स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य व्यवस्थापन समितिले दिएको जिम्मेवारी तथा कार्य विभाजन अनुसार कामकाज गर्नुपर्ने छ ।

(आ) आफ्नो जिम्मेवारीमा तोकिएको कार्य प्रतिको जवाफदेहिता स्वयं लिनुपर्नेछ ।

(इ) तोकिएको समयमा उपस्थित हुने र जाने ।

(ई) अन्य तोकिएका कामहरु गर्ने गराउने ।

(उ) अस्पताल स्वास्थ्य संस्था प्रति सधै कर्तब्यनिष्ठ भई इमान्दारीका साथ काम गर्ने ।

(ऊ) अस्पताल स्वास्थ्य संस्थाको भौतिक व सामाजिक सदभावलाई खलल पर्ने कुनै पनि कार्य गर्न नहुने ।

(ए) माथिल्ला निकायहरुले दिएको निर्देशन र अन्य तोकिएको काम काज गर्नुपर्नेछ

(ऐ) अस्पताल स्वास्थ्य संस्थाको सम्पत्ति नगद जिन्सी लगायत सामग्रीहरुको अभिलेख तथा हेरचाह गर्ने गराउने ।

[झ] ल्याव असिष्टेन्ट को काम कर्तब्य र अधिकार

(अ) स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य व्यवस्थापन समितिले दिएको जिम्मेवारी तथा कार्य विभाजन अनुसार कामकाज गर्नुपर्ने छ ।

(आ) नियमित ल्याब सेवा संचालन गर्नुपर्ने छ ।

(इ) आफ्नो जिम्मेवारीमा तोकिएको कार्य प्रतिको जवाफदेहिता स्वयं लिनुपर्नेछ ।

(ई) तोकिएको समयमा उपस्थित हुने र जाने ।

केशव नन्द वलिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(उ ) अन्य तोकिएका कामहरु गर्ने गराउने ।

(ऊ) अस्पताल स्वास्थ्य संस्था प्रति सधै कर्तब्यनिष्ठ भई इमान्दारीका साथ काम गर्ने ।

(ए) अस्पताल स्वास्थ्य संस्थाको भौतिक व सामाजिक सदभावलाई खलल पर्ने कुनै पनि कार्य गर्न नहुने ।

(ऐ) माथिल्ला निकायहरुले दिएको निर्देशन र अन्य तोकिएको काम काज गर्नुपर्नेछ

(ओ) अस्पताल स्वास्थ्य संस्थाको सम्पत्ति नगद जिन्सी लगायत सामग्रीहरुको अभिलेख तथा हेरचाह गर्ने गराउने ।

(ञ) एम्बुलेन्स चालकको काम कर्तब्य र अधिकार

(अ ) एम्बुलेन्स सेवा नियमित संचालन गर्नुपर्ने छ ।

(आ) एम्बुलेन्स सेवा वापत उठेको रकम नियमित बैक खातामा दाखिला गर्नुपर्ने छ र सो को हिसाब किताब चुस्त दुरुस्त राख्नु पर्नेछ ।

(इ) गाउँपालिकावाट स्वीकृत गराई एम्बुलेन्सको नियमित सरसफाई संरक्षाण र मरम्मत सम्भार गरि राख्नु पर्नेछ ।

(ई) तोकिएको समयमा उपस्थित हुने र जाने ।

(उ ) अन्य तोकिएका कामहरु गर्ने गराउने ।

(ऊ) अस्पताल स्वास्थ्य संस्था प्रति सधै कर्तब्यनिष्ठ भई इमान्दारीका साथ काम गर्ने ।

(ए) अस्पताल स्वास्थ्य संस्थाको भौतिक व सामाजिक सदभावलाई खलल पर्ने कुनै पनि कार्य गर्न नहुने ।

(ऐ) माथिल्ला निकायहरुले दिएको निर्देशन र अन्य तोकिएको काम काज गर्नुपर्नेछ ।

(ओ) अस्पताल स्वास्थ्य संस्थाको सम्पत्ति नगद जिन्सी लगायत सामग्रीहरुको अभिलेख तथा हेरचाह गर्ने गराउने ।

केशव नन्द वलिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

[ट] कार्यालय सहयोगीको काम कर्तब्य र अधिकार

(अ) नियमित कार्यालय खोल्ने र बन्द गर्ने ।

(आ) कार्यालयको रेखदेख गर्ने ।

(इ) नियमित कार्यालयको सरसफाई गर्ने ।

(ई) संस्था प्रमुखको मातहतमा रही काम काज गर्ने ।

(उ) तोकिएको समयमा उपस्थित हुने र जाने ।

(ऊ) अन्य तोकिएका कामहरु गर्ने गराउने ।

(ए) स्वास्थ्य संस्था प्रति सधै कर्तब्यनिष्ठ भई इमान्दारीका साथ काम गर्ने ।

(ऐ) स्वास्थ्य संस्थाको भौतिक व सामाजिक सदभावलाई खलल पर्ने कुनै पनि कार्य गर्न नहुने ।

(ओ) माथिल्ला निकायहरुले दिएको निर्देशन र अन्य तोकिएको काम काज गर्नुपर्नेछ ।

(औ) आफ्नो जिम्मेवारीमा तोकिएको कार्य प्रतिको जवाफदेहिता स्वयं लिनुपर्नेछ ।

[ठ] चौकीदार पालेको काम कर्तब्य र अधिकार

(अ स्वास्थ्य संस्थाको नियमित रेखदेख गर्ने ।

(आ) स्वास्थ्य संस्थाको भौतिक तथा उपकरण औजार र सरसामग्रीहरुको हेरचाह र सुरक्षा गर्ने ।

(इ) नियमित कार्यालय खोल्ने र बन्द गर्ने ।

(ई) कार्यालयको रेखदेख गर्ने ।

(उ) नियमित कार्यालयको सरसफाई गर्ने ।

(ऊ) संस्था प्रमुखको मातहतमा रही काम काज गर्ने ।

केशव नन्द बलि
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(ए) तोकिएको समयमा उपस्थित हुने र जाने ।

(ऐ) अन्य तोकिएका कामहरु गर्ने गराउने ।

(ओ) संस्था प्रतिको गोप्यता कायम राख्ने ।

(औ) स्वास्थ्य संस्था प्रति सधै कर्तब्यनिष्ठ भई इमान्दारीका साथ काम गर्ने ।

(अं) स्वास्थ्य संस्थाको भौतिक व सामाजिक सदभावलाई खलल पर्ने कुनै पनि कार्य गर्न नहुने ।

(अः) माथिल्ला निकायहरुले दिएको निर्देशन र अन्य तोकिएको काम काज गर्नुपर्नेछ ।

(अआ) आफ्नो जिम्मेवारीमा तोकिएको कार्य प्रतिको जवाफदेहिता स्वयं लिनुपर्नेछ ।

[ड] स्वीपरको काम कर्तब्य र अधिकार

(अ स्वास्थ्य संस्थाको नियमित रेखदेख गर्ने ।

(आ) स्वास्थ्य संस्थाको भौतिक तथा उपकरण औजार र सरसामग्रीहरुको हेरचाह र सुरक्षा गर्ने ।

(इ) बर्थिङ सेन्टरमा सुत्केरीका लागी प्रसुती सामाग्री उपकरण औजारहरुको निर्मलीकृत गर्ने तयार गर्ने ।

(ई) बर्थिङ सेन्टरमा आउने गर्भवती तथा सुत्केरी महिलाहरुको उचित स्याहार सुसार तथा व्यवस्थापन गर्ने ।

(उ) स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरको रेखदेख गर्ने ।

(ऊ) नियमित बर्थिङ सेन्टरको सरसफाई गर्ने ।

(ए) संस्था प्रमुख तथा नर्सिङ स्टाफको मातहतमा रही काम काज गर्ने ।

(ऐ) तोकिएको समयमा उपस्थित हुने र जाने ।

(ओ) अन्य तोकिएका कामहरु गर्ने गराउने ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(औ) गर्भवती तथा सुत्केरी र संस्था प्रतिको गोप्यता कायम राखे ।

(अं) स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टर प्रति सधै कर्तब्यनिष्ठ भई इमान्दारीका साथ काम गर्ने ।

(अः) स्वास्थ्य संस्थाको भौतिक व सामाजिक सदभावलाई खलल पर्ने कुनै पनि कार्य गर्न नहुने ।

(अअ) माथिल्ला निकायहरुले दिएको निर्देशन र अन्य तोकिएको काम काज गर्नुपर्नेछ ।

(अआ) स्वास्थ्य संस्थाको कोठा आफिस कोठा लगायतको कोठाहरुको नियमित सरफाई गर्ने कोठा सफासुग्घर र फोहोरमैलाको ब्यवस्थापन गर्ने ।

(इ) चिठ्ठी पत्र सम्बन्धित निकाय र ब्यक्ति लाई पुर्याउने ।

(ई) स्वास्थ्य ब्य. स. एवम संस्था प्रमुखले अह्राएको काम काज गर्ने ।

(उ) आफ्नो जिम्मेवारीमा तोकिएको कार्य प्रतिको जवाफदेहिता स्वयं लिनुपर्नेछ ।

परिच्छेद -४

**स्वास्थ्य सेवाका कर्मचारीहरुले पालना गर्नुपर्ने आचार संहिता**

[क] आफूलाई खटाइएको ठाउँमा गई तोकिएको काम गर्नुपर्नेछ ।

[ख] निर्धारित समयमा उपस्थित भई आए गएको समय जनाई हाजिरी गर्नु पर्दछ ।

[ग] आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य मनसायले कसैमाथी कुनै पनि राजनैतिक व अवान्छनीय प्रभाव पार्न व पार्ने प्रयत्न गर्नु हुदैन ।

[घ] आज्ञाकारीता अनुशासन सदभाव सहयोग सदाचार सहानुभूति धैर्य र सचरित्रतालाई प्रोत्साहन दिनुपर्ने छ ।

[ङ] कुनै भाषा धर्म सम्प्रदाय बिरोधी भावना स्वास्थ्य संस्थामा फैलाउनु नहुने ।

[च] आचारसंहिताको पालना गर्नु स्वास्थ्य सेवाका कर्मचारीको कर्तब्य हो । आचारसंहिता

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

पालना गरे नगरेको अभिलेख स्वास्थ्य संस्था प्रमुखले राख्नुपर्नेछ ।

परिच्छेद- ५

**स्वास्थ्य सेवाका कर्मचारीको सजाय सम्बन्धी व्यवस्था**

उचित र प्रर्याप्त कारण भएमा देहायको बिभागीय सजाय गर्न सकिने छ ।

[क] स्वास्थ्य संस्थामा आउने जाने समय ख्याल नगरेमा नसिहत दिन सकिनेछ ।

[ख ]तलब रोक्का व कट्टा गर्न सकिने

(अ) अनुशासनहीन काम गरेमा ।

(आ) खटाएको ठाउँ काज तालिम प्रशिक्षणमा भाग लिन नगएमा ।

(इ) स्वास्थ्य संस्थामा बिना सूचना अनुपस्थित रहेमा ।

(ई) अन्य नियम कानूनले बन्देज गरेका कार्य गरे गराएमा ।

(उ )नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरिएमा व सजाय पाएमा ।

(ऊ )भ्रष्टाचार गरेमा व जानी जानी स्वास्थ्य संस्थाको हानीनोक्सानी गरे गराएमा

[ग ]संजाय गर्ने अधिकारी

(अ) नसिहत र स्पष्टीकरण लिने प्रमुख प्रशासकीय अधिकृत

(आ) तलब रोक्का र कट्टा गर्ने गाउँकार्यपालिका

(इ) नोकरीबाट बर्खास्त गर्ने गाउँपालिका

(ई ) स्वास्थ्य संस्थामा मादक पदार्थ सेवन गरी वातावरण बिगारेमा नोकरीबाट बर्खास्त गर्ने गाउँपालिका ।

परिच्छेद- ६

केशव नन्द वलिया
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**स्वास्थ्य सेवाका कर्मचारी सम्बन्धी बाधा अडकाउ फुकाउ**

(क) गाउँपालिका स्वास्थ्य सेवाका कर्मचारी सम्बन्धी बाधा अडकाउ फुकाउ देहाय बमोजिम हुनेछ ।

(अ) यस कार्यविधिको जुन परिच्छेद जुन बूँदाले बाधा अडकाउ गरेको देखिन्छ । त्यस्ता परिच्छेद बुँदालाई गाउँकार्यपालिकाको बैठक बोलाई गहन छलफल एवम विचार विमर्श गरी सो परिच्छेद व बुँदालाई संसोधन गरी फुकाउने काम गर्नुपर्छ ।साथै समाधानमा माथिल्ला निकायको निर्देशन सहयोग लिनुपर्छ ।

(आ) बिशेषज्ञको परामर्श लिई समंस्या समाधानका लागि स्वास्थ्य शाखाले पहल गर्नु पर्छ ।

**(ख )सजाय सम्बन्धी कार्यविधि**

(अ) सजाय दिन पाउने अधिकारीले सजायको आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्छ।

(आ) उपनियम बमोजिम स्पष्टीकरण पेश नगरेमा व पेश गरेको स्पष्टीकरणमा चित्त नबुझ्दो नभएमा सजायको आदेश दिने अधिकारीले सजाय प्रस्ताव गरी पुन स्पष्टीकरण माग गर्न सक्ने छ।

**(ग) निलम्वन गर्ने**

(अ) सजायको आदेश दिनुभन्दा अघि कुनै बिषयमा जाँच गर्नुपरेमा निजलाई सजाँय दिने अधिकारीले साधारणतया तीन महिना भन्दा बढी निलम्बन गर्ने छैन ।

(आ) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको अवधिभरको स्वतः निलम्बन भएको मानिने छ । यसरी निलम्बन भएको अवधि भरको तलब भत्ता पाउने छैन ।

**(घ) सजाय गर्ने**

नियमानुसार पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा सजाँय गर्ने अधिकारीले यसको कारण खुलाई सजाँय गर्नेछ ।

केशव चन्द्र वलिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

परिच्छेद- ७

यसभन्दा पहिले नियुक्ती भई कार्यरत रहेका गाउँपालिका स्वास्थ्य सेवाका कर्मचारीहरु यसै कार्यबिधि बमोजिम नियुक्ति भएको मानिने छ । साथै गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यबिधिलाई थपघट संसोधन सुधार र परिमार्जन गर्दै जान सक्नेछ ।

निर्णयः

यो कार्यबिधि २०७८ साल असार महिना ६ गते आइतवारका दिन पारित भयो भनि निर्णयमा देहाय बमोजिम गाउँकार्यपालिकाका पदाधिकारीहरुले दस्तखत गरि दियौ ।

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

लक्ष्मण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner